मिति २०७७ साल चैत्र २० गते शुक्रवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक तपसिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थित

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | प्रशासकीय अधिकृत (छै) | श्री बाबुराम के.सी. | |
| २० | लेखापाल | श्री अनुप नेपाल | |
| २१ | आन्तरिक सहायक | श्री मोहन कुमार [illegible] | |

२०७७।१२।२०
प्रमुख प्रशासकीय अधिकृत

२०७७।१२।२०
अध्यक्ष

प्रस्तावः १ प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन सम्वन्धमा ।

निर्णयः उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै महालेखा परिक्षकको कार्यालयवाट लेखापरीक्षण ऐन, २०७५ अनुसार आर्थिक वर्ष २०७६/०७७ को विनियोजन, राजस्व, धरौटी, अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७७।११।२१ मा छलफल पश्चात् तयार गरिएको पाना (३०) को मस्यौदा प्रतिवेदन यस कार्यालयमा प्राप्त भएकोमा उक्त प्रतिवेदनमा औंल्याइएको दफाहरुमा उल्लेखित व्यहोराका सम्वन्धमा गाउँपालिकाको लेखा समितिको वैठकमा समेत छलफल र निर्णय भै लेखा समितिको प्रतिवेदन समेतका आधारमा प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनमा उल्लेखित विषयमा कार्यापालिकाको वैठकको एजेण्डा वनाइ दफावार छलफल र निर्णय भएको र आवश्यक प्रमाण संलग्न राखि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ३७ (१) बमोजिम फछ्यौंटका लागि तपसिल वमोजिम निर्णय गरी सम्परीक्षणका लागि पठाउने निर्णय गरियो ।

दफा १ वित्तीय विवरण सम्वन्धमाः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्न तपसिल वमोजिम हुने गरि आवश्यक व्यवस्थापन गर्ने ।

तपसिल

- स्थानीय तहले सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र सञ्चित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखिने ।
- बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक राखि आय–व्यय विवरण यथार्थ राखिने ।
- आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा जनाइ श्रेस्ता अनुसार बैंक मौज्दात लगाएत तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्ने व्यवस्था गरिने ।

**दफा ३ आन्तरिक कारोवार सम्वन्धमाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाइएको, आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोकिएको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ को व्यवस्था अनसार वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरिएको, पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु सो ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरिएको, सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गराइएको, वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक चालु आवमा गरिसकिएको तथापी आगामी दिनमा आन्तरिक नियन्त्रण प्रणाली तयारी गर्न, आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बुनाएर मात्र गर्नु पर्नेमा गरेको एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार, कार्यक्रमगत तथा योजनागत खाता राख्न, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्न, जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेर मात्र वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गर्न, कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद्द विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्न, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्न, वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गर्न, ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राख्न, विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राख्न,

२०७७।१२।२० प्रमुख प्रशासकीय अधिकृत

२०७७।१२।२० अध्यक्ष

कार्यालयले निजामती सेवा ऐन २०४९ अनुसार तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी दिन व्यवस्था र आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन मलेप प्रतिवेदनवाट यस दफामा औंल्याइएका वुदाँमा विशेष ध्यानदिइ सुधार गर्ने।

दफा ४. बजेट पेश, पारित र अख्तियारी - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गरि खर्चको अख्तियारी दिने व्यवस्था भए अनुसार आगामी दिनमा सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने विषयमा कानुन वमोजिम गर्नमा ध्यान दिने ।

दफा ५ चौमासिक पुँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी खर्च हुन र अषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरिने ।

दफा ६ खरिद योजना – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम यस पालिकाले तोकिए बमोजिम वार्षिक खरिद योजना तयार गरेको र सो अनुरुप खरिद योजना तयार गरि रु १०७९१८०९३ खर्च गरेको । अतः ऐन तथा नियमावलीमा तोकिए बमोजिम गुरुयोजना बनाउने र सो बमोजिम खरिद व्यवस्थापन गर्ने तर्फ आगामी दिनमा ध्यान दिइने ।

दफा ७ आन्तरिक ऋण सम्वन्धमा – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । तत्काललाई आन्तरिक ऋण लिनुपर्ने आवश्यकता पालिका ठहर गरि नसकेको र नलिइएको ।

दफा ८ योजना छनौट सम्वन्धमा – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था भएता पनि स्थानिय आवश्यक र प्राथमिकताका आधारमा वजेट तथा कार्यक्रम छनौट गरिने व्यवस्था साथै भौगोलिक रुपमा जटिल र जनसंख्याको असमानुपातिक वितरण ति जनसमुदायको विकासको चाहाना पुरा गर्नु स्थानीय सरकारको प्राथमिक दायित्व नै भएको र विकास प्रत्येक जनताले महशुस गर्ने सुखद अनुभुतिसँग जोडिएको र ठूला आयोजना संघीय र प्रदेश सरकारवाट निर्माण हुने र कतिपय साना आयोजना स्थानीय सरकारवाट निर्माण गर्नपर्ने नै भएको हुँदा स्थानीयस्तरका विकास आयोजनाको आवश्यकता र प्रभाव मूल्याङ्कन भएर नै सानो प्रकृतिका रु. ५००००० भन्दा कमका आयोजनाहरु छनौट र कार्यान्वयन भएको हुँदा यो विषय स्थानीय जनप्रतिनिधिमुलक सभाको अधिकार क्षेत्रको संवैधानिक विषय भएको सम्वन्धमा सवैको ध्यानकार्षण हुन जरुरी रहेको देखिन्छ ।

दफा ९ उपभोक्ता समितिको श्रेस्ता अनुगमन सम्वन्धमाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उल्लेख भए बमोजिम कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त राख्ने लगाएतका विषयमा योजना संचालन पुर्व सवै उपभोक्ता समितिलाई अभिमुखिकरण कार्यक्रम गरिएको छ । आवश्यतानुसार उपभोक्ता समितिलाई लेखा राख्ने विषयमा प्रभावकारी ढंगवाट जानकारी गराउने व्यवस्था गरिने ।

दफा १० नक्सा पास सम्वन्धमा– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार गाउँपालिकाबाट नक्सा पास गराई भवन निर्माणको व्यवस्था भएता पनि यस भूगोलमा तोके बमोजिम संरचना निर्माण गर्नु पूर्व गाउँपालिकाबाट नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनम ल्याउन सकिएको छैन । सभा तथा कार्यपालिकावाट आवश्यक कानुन निर्माण गरि कार्यान्वनयमा ध्यान दिइने।

**दफा ११ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन सम्वंन्धमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई

ध्यानमा राखी प्रमुख प्रशसकिय अधिकृत र आवश्यक कर्मचारीको पदपुर्ती भएको र थप पुर्तीका लागि लोकसेवा आयोगमा मुख्यमन्त्रि परिषदको कार्यालय प्रदेश नं १ मा माग गरिएको ।

**दफा १२ स्थानीय तथ्यांक र अभिलेख सम्वन्धमा** – स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापनका लागि गाउँपालिका प्रोफाइल, प्रथम आवाधिक योजना, यातायात गुरुयोजना निर्माण, गरिवि पहिचान सर्भे, घरधुरी नम्वरको काम सम्पन्न भएको ।आगामी दिनमा स्थानीय तथ्यांक र अभिलेखनलाई थप प्रभाकारी र अध्यावधिक गरिन ध्यानदिइने ।

**दफा १३ कल्याण कोष सम्वन्धमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।चालु आवमा वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा केहि वजेट व्यवस्थापन गरिसकेको भएता पनि संघीय निजामती ऐन, प्रदेश निजामती ऐन लगाएतका कानुनको अधिनमा रहि स्थानीय कानुन निर्माण गरिनुपर्ने र सोही कानुनको मातहतको कोष संचालन गरिने संवैधानिक र कानुनि प्रावधान हुँदा स्थानीय सरकार संचालन ऐनको यो व्यवस्था कार्यान्वयन गर्न नसकिएको हो ।

**दफा १४ कानून र सञ्चालन स्थिति** सम्वन्धमाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था भए अनुसार आवश्यक ५० भन्दा वढी कानुनको निर्माण गरेको र अन्य आवश्यक कानुन निर्माणको प्रकृयामा कार्यालय रहेको ।

**दफा १५ न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था अनुसारं जम्मा १४ विवाद दर्ता भएकोमा १२ वटा फछ्यौंट भई २ वटा अन्य प्रकृयामा लगिएको हुँदा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाइएको छ ।

**दफा १६ व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था भएअनुसार गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत केही कर संकलन गरेको भएता पनि राजस्व दाखिला हुँदाको वखत शीर्षक अनुसार दाखिला नभैदिँदा व्यवसाय कर वापत राजस्व दाखिला भएको नदेखिएको हुँदा यस विषयमा चालु वर्षमा शीर्षक खुल्ने गरि राजस्व कर दाखिला भै सुधार गरिसकिएको ।

दफा १७ **राजश्व कारोबारको लेखा- राजश्व कारोबारको लेखा सम्वन्धमाः** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख भएअनुसार असुली रकम असुल भएको भोलिपल्ट दाखिला गर्नुपर्नेमा भौगोलिक विकटता वैंक पालिकाको केन्द्रमा मात्र रहनु जस्ता कारणले वडा कार्यालयले मासिक÷त्रैमासिक रुपमा दाखिला गर्ने गरेकोमा चालु आवमा महिना दिनमा दाखिला हुने व्यवस्था मिलाइएको । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनेमा कार्यापालिकाको विषेश ध्यान दिइने।

दफा १८ सेवा प्रवाह सम्वन्धमाः गाँउपालिकाले पेश गरेको सेवा प्रवाह गरेको ।

| क्र.स | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | २५० | २५० | |



२०७७/१२/२०
प्रमुख प्रशासकीय अधिकृत

२०७७/१२/२०
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २ | घरबाटो सिफारिस | ६४ | ६४ | |
| ३ | नाता प्रमाणित | १२५ | १२५ | |
| ४ | जन्म, मृत्यु दर्ता | ८३१ | ८३१ | |
| | अन्य | ८५३ | १०७८ | |

**दफा १९. आम्दानी एकिन नभएको सम्वन्धमाः-** वडाहरुले गाउँपालिकावाट वुझेर लगेका नगदी रसिद वडामा नै राखेर वडामा मौज्दात रहेका नगदी रसिद प्रयोग गरेको हो । वडा कार्यालयहरुले आम्दानी रसिदवाट गरेको आम्दामी हिसाव गरि गाउँपालिकामा पठाउने र गाउँपालिकाले आंम्दानी जनाउने व्यवस्था गाउँपालिकावाट गरिनेछ । वडा कार्यालयहरुले गाउँपालिकालाई पठाएको रकम गाउँपालिकाले आम्दानी गरी गाउँपालिकाको संचित कोष खातामा रहेको रकम वेरुजु कायम नहुनु पर्ने हुँदा वेरुजु कायम भएको रकम रु २४९०९९९।०० प्रारम्भिक प्रतिवेदनवाट हटाउन अनुरोध गरि लेखि पठाउने ।

**दफा २१ वितरणमुखि प्रकृतिको खर्च सम्वन्धमाः** राज्यले नै खेलकुदलाई महत्वका साथ अनुशासन, स्वास्थ्य, विकासको एउटा पक्ष हो भनि विभिन्न निति कार्यक्रममार्फत प्राथमिकता दिइरहेको सन्दर्भमा गाउँपालिकाको सभावाट वजेट तथा कार्यक्रम पारित गरि खेलुकुद कार्यक्रमको पनि विकास गर्नुपर्ने भएकोले खेलुकुदमा खर्च गरिएको हो । लेखापरिक्षणवाट दिएको सुझावलाई आत्मसाथ गर्दै आगामी वर्षदेखि त्यसलाई सच्याउदै लगिनेछ । अतः स्वीकृत वजेटवाट नै खेलकुद कार्यकममा खर्च गरिएको हुदाँ खर्च अनियमित नभएकोले वेरुजु कायम भएको रु ४७०००००।०० नियमित गरि प्रारम्भीक प्रतिवेदनवाट हटाउने अनुरोध गर्ने ।

**दफा २२ वन पैदावार सम्वन्धमाः** आगामी दिनमा सामुदायिक वनको अभिलेख राखि वन कार्ययोजना स्वीकृति तथा वन पैदावारको विक्रीवाट प्राप्त हुने आम्दानी गर्न आवश्यक व्यवस्था गरिने।

**दफा २३ निजि शिक्षकको तलवभत्ता सम्वन्धमाः** शिक्षकहरुको तलव भत्ता पाठ्यपुस्तक, छात्रवृति र विद्यालय व्यवस्थापन सम्वन्धि संयन्त्र शशर्त अनुदानवाट विद्यालयको स्वीकृत दरवन्दी अनुसारका शिक्षकहरु अपुग भएर कार्य थप शिक्षक राख्नुपर्ने भई न्यन तलव खानेगरी निजि शिक्षक राखेर पठन पाठन गर्न विद्यालयहरुको आन्तरिक श्रोत नभएको र स्वीकृत विद्यालयहरुमा दरवन्दी नभएकाहरुमा शिक्षक व्यवस्थापन गर्न सहयोग अनुदान समेत नआउने र पठनपाठनमा अति नै समस्या भएकोले पालिकालाई प्राप्त हुने राजस्व वाँडफाँड शीर्षकवाट न्यून रकम अनुदान दिएको उपयूक्त नै भएको र स्वीकृत वजेटवाट नै निकासा दिएको हुँदा वेरुजु कायम हुनु नपर्ने भएकोले वरुजु कायम भएको रु १०६९७१६।०० नियमित गरि प्रारम्भिक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

**दफा २४. भुक्तानी कर सम्वन्धमाः** वेरुजु कायम भएका नासु ओमकार भट्टराई र सहायक लेखापाल केसप सोराली (दुवै) कर्मचारीवाट कर असुल गर्नुपर्ने रु ५३१९।०० संघिय संचितकोषमा दाखिला भएको हुँदा प्रारम्भिक प्रतिवेदनवाट हटाउन लेखि पठाउने।

**दफा २५ कर दाखिला नभएको सम्वन्धमाः** आयकर ऐन २०५८ को दफा ८८(१) को देहाय ८ मा दुवानी सेवा वापतको तथा ढुवानी साधन भाडामा दिए वापतको भुक्तानी रकममा १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदाँ सवारी साधनलाई ढुवानी भाडा भुक्तानी दिएको रकममा ऐनमा साविकमा भएको व्यवस्था अनुसार १० प्रतिशतका दरले भाडाका दरले रु १७३८९९७।०० असुलगरी सम्वन्धित राजस्व खातामा दाखिला गरेको लेखा परिक्षणको आन्तरिक प्रतिवेदनमा नै उल्लेख छ । ऐनको दफा ८८ मा ढुवानी भाडामा १५ प्रतिशतका दरले भाडाकर कट्टा गर्ने कुनै व्यवस्था नभएकोले वेरुजु कायम भएको कुनै कानुनी आधार नदेखिएकोले वेरुजु कायम भएको रकम रु १२५३१०६ ।०० लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनवाट हटाउन अनुरोध गरि लेखि पठाउने।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

दफा २६ विमा रकम वढी भुक्तानी सम्वन्धमाः खापासटे मोहन कुमार विष्टलाई वेरुजु रकम दाखिला गर्न पत्र पठाइएकोमा असुल नभएकोले असुल उपर हुन नियमानुसार गरिन लेखि पठाउने ।

दफा २७ अनियमित वैठक भत्ता भुक्तानी सम्वन्धमाः जि.स.स. सदस्य श्री गोमादेवि राईको नाममा लेखिएको ६८००।०० निज जिल्ला समन्वय समिति सदस्य भएको र नियमित वैठकमा सदस्यको रुपमा उपस्थित नभएको । गापा अध्यक्षज्यूको आमन्त्रणमा आमन्त्रितको रुपमा कार्यापालिकाको वैठकमा उपस्थित हुनभए वापत अन्य सदस्यज्यूहरुलाई दिए सरह हुने गरि वैठक भत्ता उपलव्ध गरिएको हुँदा लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

दफा २८ अपाङ्गता परिचयपत्र कार्यक्रम सम्वन्धमाः टेक्सी रिजर्भमा खर्च भएको नै हुँदा भौगोलिक कठिनाइ भएको यस भुगोलमा स्थानिय अपांगता परिचयपत्र वितरण समन्वय समिति मार्फत वितरण गरिने व्यवस्थाअनुसार यातायातको साधनको प्रयोग भएको र सो वापत खर्च रु ६००००।०० भएको नै हुँदा नियमित गरि प्रारम्भिक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

दफा २९ बिद्यार्थको अवस्था र शिक्षक दरवन्दी सम्वन्धमाः हाल विद्यालय आ.वि र मा.वि अनुसार ४३ सामुदायिक विद्यालयको हकमा अझ शिक्षकको अभाव नै रहेको देखिन्छ । तथापी विद्यालयको शैक्षिक गुणस्तर दरवन्दी विद्यालय भूगोलको अवस्था समेतलाई ध्यान दिई आवश्यकता अनुसार निर्णय भै उचित शिक्षकको व्यवस्थापन गरिने ।

दफा ३० सुरक्षित मातृत्व कार्यक्रम पेश्कीः अपुग प्रमाण पेश गरि फछ्र्यौटका लागि गौमाया राई, अमृत वनेम सरोज श्रेष्ठ आएको र अन्य पूर्णकला मगरको ९८०० र अर्जुन कुमार साहको ५६०० असुल उपरका लागि लेखि पठाउने ।

दफा ३१ नर्म्स विपरीत खर्च सम्वन्धमाः पालिकावाट आमा सुरक्षा कार्यक्रमका लागि औषधि खरिदका लागि भएको खर्च स्वास्थ्य तर्फको शशर्त अनुदान शीर्षकवाट स्वास्थ्य संस्थाहरुलाई इकाइगत निकासा गरेको र पालिकावाट समेत सोही शीर्षकमा खर्च भएता पनि आवश्यकता भै सम्पुर्ण प्रकृया पुरा गरि खर्च भएको नै हुँदा नियम संगत गर्ने र आगामी दिनमा प्रचलित कानुन वमोजिम हुने गरि खर्च गरिन आवश्यक व्यवस्था मिलाइने ।

दफा ३२ वढी भुक्तानी सम्वन्धमाः पालिकावाट स्वास्थ्य तर्फका कर्मचारी श्री पुर्णकला मगरलाई स्थानीय भत्ता वढी रु २७९० भुक्तानी गरेकोमा निजवाट वैंक दाखिला गरि वैक भौचर सम्परिक्षणका लागि पेश गरेकोले प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनवाट हटाउन लेखि पठाउने ।

दफा ३३ फरक शिर्षकबाट भुक्तानी – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३४(२)क ले खर्च गर्दा खर्च गरिने रकम स्वीकृत बजेट भित्र र सम्बन्धित शिर्षकमा परेको हुनुपर्ने व्यवस्था अनुरुप चालु आ.व. मा सुधार भैसकेको आगामी दिनमा कार्यालयले खर्च लेख्दा संवेदनशिल भै शिर्षक फरक पारी खर्च निकासा नहुने व्यवस्था गरिने ।

दफा ३४ शिक्षकहरुको तलव भत्ता निकासा सम्वन्धमाः जनता आवि आमचोक १० मा रु ९५६१३।०० वढी दोश्रो त्रैमासिक गएकोमा सम्वन्धित विद्यालयवाट गाउँपालिकामा दाखिला गरेको वैक भौचर प्राप्त भएको हुँदा प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनवाट हटाइने।

दफा ३४.२ खर्च एकिन गर्न नसकिएको – शिक्षकहरुको सरुवा भएर आउदाँ तथा जादाँ रमाना पत्रमा स्पष्टसँग तलब भत्ता कहिले सम्म बुझेको, चाडपर्व खर्च लगायतका अन्य सेवा सुविधा कहिलेसम्म भुक्तानी भएको लगायतका व्यहोराहरु स्पष्ट उल्लेख गर्नु पर्ने व्यवस्था रहेको तथापी पालिकामा गत आवमा कर्मचारीको अभाव भै शिक्षकहरुको नियुक्ति सरुवा रमाना लगायतको विवरण व्यवस्थितरुपमा राख्न नसकेकोमा यसमा सुधार भैसकेको हो ।देहायको विद्यालयको हकमा प्राप्त प्रमाणका आधारमा सरुवा भई आउने तथा जाने शिक्षकहरुको सेवा सुविधा दोहोरो भुक्तानी नभएको यकिन भएको हुँदा प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

| विद्यालय | शिक्षकको नाम | विवरण | निकासा रकम |
|---|---|---|---|
| चण्डेश्वरी मा.वि. | कल्पना राई सरुवा भई गएको | दोश्रो त्रैमासिक तलब भत्ता भुक्तानी | ११५७७० |
| शिक्षा क्षमा कन्या | अर्जुन नेपाल सरुवा भई गएको | पहिलो त्रैमासिक साउनको तलब भुक्तानी | २७५४१ |

२०७७।१२।२०६
प्रमुख प्रशासकीय अधिकृत

२०७७।१२।२०
अध्यक्ष

| जम्मा | | | १४३३११ |
|---|---|---|---|

दफा ३५ जिन्सी दाखिला पेश गर्नुपर्ने सम्बन्धमाः चन्द्रेश्वर मा वि हुनपर्नेमा चण्डेश्वर मावि भएको । पालिकाका विभिन्न विद्यालयहरु चन्द्रेश्वर मा.वि.लाई आई सि टी निर्माण, सरस्वती मा वि.का लागि पुस्तकालय निर्माण र विज्ञान प्रयोगशाला निर्माणकालागि खरिद सम्पत्तिहरु विद्यालयको जिन्सि खातामा आम्दानी जनाएको प्रमाण पेश भएकोले सोको आधारमा प्रारम्भीक प्रतिवेदनवाट कायम वेरुजु रु १९,५०,०००।०० प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

दफा ३६ कार्यान्वयन पुस्तिकाको पालना नभएको सम्वन्धमाः विद्यालयलाई निर्माण कार्यका निकासा दिँदा ४ प्रतिशतले कट्टा भएको रकम रु ३,८७,३००।०० गाउँपालिकाले नै राखेर निर्माण कार्यको अनुगमन निरिक्षण सम्वन्धि कार्यमा खर्च भएको तथा आगामी दिनमा यस प्रकारको कर कट्टा नगर्ने गरि नियमित गरि प्रारम्भिक लेखा परिक्षणवाट हटाउन अनुरोध गर्ने।

दफा ३७ मेशीनरी औजार खरिदको सेवा/ निर्माण कार्यहरु एउटै ठेकेदार वा फरक फरक ठेकेदारबाट एउटै आर्थिक वर्षमा टुक्रा टुक्रा गरी खरिद गरिएको भनि कायम भएको वेरुजू रु. ८९५०३३ आगामी दिनमा शत प्रतिशत सुधार गर्ने गरि नियमित गरि प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनबाट हटाउन अनुरोध गर्ने ।

दफा ३८.नन् फाइलर सम्वन्धमाः पालिकाबाट दिवा कन्स्ट्रक्सन प्रा लि सिद्धकाली प्रिन्टीङ्ग प्रेस मदन जनरल अर्डर सिद्धकाली प्रिन्टीङ्ग प्रेस लाई विभिन्न वस्तु तथा सेवा खरिदमा मू.अ.कर रु. ४४५७६० भुक्तानी दिएकोमा हालसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन् फाईलर रहेको र कर समायोजन भएको प्रमाण पेश नभए हुदाँ उक्त फर्महरुको सम्वन्धमा रु. ४४५७६०।०० नियानुसार हुन लेखि पठाउने ।

दफा ३९ वीलभरपाई लगायत कागजात पेश नभएको सम्वन्धमाः मिनराज विष्टले वुझाउनुपर्ने केही नदेखिएको त्रुटिवस यो विषय महालेखा परिक्षणको टोलीवाट टिपोट भएको देखिएको र अन्यको हकमा सम्वन्धीतले रकम वुझेको र सामान वितरण गरेको प्रमाण पेश भएकोले वेरुजु कायम भएको रु १७४१४२९।०० प्रारम्भीक प्रतिवेदनवाट हटाउन नियमानुसार हुन ।

दफा ४०, ४१, ४२, ४३ र ४४ आमचोक चियाखेती तथा कफी कार्यक्रम - यस पालिकाले आ व २०७४।७५ मा रु ७२००,००० आ व २०७५।७६ मा रु ८१९९००० र यस आ व मा रु ६५००००० गरी विगत ३ वर्षमा चियाखेती तथा कफी कार्यक्रममा रु २१८९९००० विनियोजन गरी खर्च गरेका देखिन्छ । यस वर्ष विनियोजन गरेको रु ६५००००० मध्ये कन्टेन्जेन्सी रु २६०००० घटाई बाँकी रु ६२४०००० खर्च गरेको छ । नांगा चौरहरुलाई हरियाली वनाइ प्राकृतिक हराभरा उत्पादन आर्थिक वृद्धि र पर्यटन विकास गर्ने लक्ष्य रहेकोले प्रचलित संघीय, प्रादेशिक कानुन वमोजिम यसलाई विस्तृत कार्ययोजना र कार्यविधि वनाइ संस्थागत गरिनेछ । यो पालिकाको नमुना कार्यक्रम भएको हुँदा सवै नियमसंगत ढंगवाट सभाले जुन उदेश्य र लक्ष्यका साथ वजेट तथा कार्यक्रम तय गरि विगतवाट खर्च गरिरहेको छ यसको अधिकतम सदुपयोग हुने गरि नै खर्च प्रकृया र विधि पुर्याइ खर्च भएको हूदाँ नियमित गरि प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनवाट हटाइदिनुहुन अनुरोध गर्ने ।

दफा ४५ अनुपातिक साझेदारी सम्वन्धमाः गाउँपालिकावाट छनौट भएका ३ कृषक समुहहरुलाई उनीहरुले गरेको कामको अनुगमन गरी पेश भएका वील भरपाईका आधारमा भुक्तानी दिएको हो । चालु/आगामी वर्षदेखि कृषकहरुले पनि रकम व्यहोर्ने गरि कार्यक्रम संचालन गरिएको/गरिने हुँदा वेरुजु कायम भएको भुक्तानी दिएको रकम रु ६,००,०००।०० प्रारम्भिक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

दफा ४६. सीमा भन्दा बढीको कार्य अमानतवाट गरेको सम्वन्धमाः - सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९८ मा सार्वजनिक निकायले रु १०००००।०० सम्मको निर्माण सम्बन्धी कार्य एक तह माथिको स्वीकृती लिई गर्न सक्ने व्यवस्था अनुसार पालिकाले रु. ४९७७०२ को सामुदायिक भवन मर्मत संभारको काम भएको र गरिएको हो।

२०७७।१२।२०
प्रमुख प्रशासकीय अधिकृत

०७७।१२।२०
अध्यक्ष

अन्य वाह्य व्यक्ति फर्मले गर्न नचाएको हुँदा सोझै कर्मचारी मुना राई मार्फत गराएकोले अनियमित कायम भएको रकम रु. ४,९७,७०२ लाई आगामी दिन खरिद ऐन र नियमावली तथा प्रचलित कानुनअनुसार हुनेगरि गरिने भएको हुँदा नियमित गरि प्रारम्भिक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

**दफा ४७. अनियमित खर्च/घारे सामुदायिक कृषि फर्मलाई निकासा दिएको सम्वन्धमाः** उक्त कृषि फर्म कुनै व्यक्ति/व्यवसायी विशेषलाई नदिई गाउँपालिका स्वयंले जग्गा भाडामा लिई गाउँपालिका कै कृषि तथा पशु सेवा तर्फका कर्मचारीले रेखदेख गर्ने र नमूना कृषि फर्म बनाई कृषकहरुलाई पनि सो अनुसार कृषि फर्म संचालन गर्न प्रोत्साहन गर्ने र फर्मवाट प्राप्त आम्दानी गाउँपालिकाको खातामा आम्दानी जनाई आम्दानी वृद्धि गर्ने उद्यश्यले गाउँसभावाट निर्णय गरेर वजेट विनियोजन गरे अनुसार खर्च भएको हो । कृषि फर्म हाल व्यवस्थीत रुपले संचालन भैरहेको र प्राप्त नाफा समेत पालिकामा जम्मा गरि खर्च गरिने भएकोले वेरुजु कायम भएको रु १९,९४,६५३।०० नियमित गरि लेखा परीक्षकको प्रारम्भीक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

**दफा ४८ कार्यसम्पादन भन्दा कम बिजक पेश –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादन नापी किताबमा उल्लेखित कार्यको आधारमा सम्झौता अनुसार भुक्तानी दिनु पर्ने र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा (छ) मा खर्चको लेखा राख्दा बिल भरपाई र खर्चको पुष्टि हुने प्रमाण संलग्न गरी राख्नुपर्ने व्यवस्था भएकोमा देहायका योजनाहरुको भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदनमा माटो कटिङको कार्य उल्लेख गरेको भन्दा कमको बिजक पेश गरेको हुदा कम बिजक पेश भएको रकमको बिजक पेश नभएको हुँदा असुल गर्न स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु. ३७५३५ दाखिलाका हुनका लागि नियमानुसार हुन लेखि पठाउने ।

| योजनाको नाम | माटो कटिङको जम्मा | बिजक पेश | नपुग बिजक रकम |
|---|---|---|---|
| देवान्टार दुम्रे दुप्माना सडक मर्मत तथा निर्माण | २७०८७२५ | २६७१२०० | ३७५२५ |

**दफा ४९,५०,५१,५२ र ५४ आमचोक पञ्चवर्षीय कृषि परियोजना-कृषि कार्यक्रम, छानँविन सम्वन्धमाः** कार्यालयवाट भएको कृषि कार्यक्रम सम्वन्धमा छानँविन समितिमार्फत प्रतिवेदन प्राप्त भएकोमा प्रतिवेदनवाट अनियमित तवरवाट गलत व्यक्ति, नाम थर आमचोक स्थायी ठेगाना नै नभएका व्यक्ति तथा किसानलाई भरपाइ गरि कृषि सामाग्री उपलव्ध गरिएको । फर्जी हस्ताक्षर गरि भरपाइमा वुझेको वनाइएको तथा भरपाइमा उल्लेख भएको परिमाणका कृषिजन्य वस्तु, विरुवा, विषादी दिइएकोले कृषि कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु फर्जी देखिएको, सार्वजनिक कोषको नियमितता, प्रभावकारीता, कार्यदक्षता, मितव्यतिता र औचित्यता पुष्टि हुने गरि खर्च भएको नदेखिएको हुँदा थप छाँनविनका लागि आवश्यक व्यवस्था हुन या सम्वन्धित निकायमा लेखि पठाउने भनि प्रतिवेदन लेखा समिति मार्फत प्राप्त भएकोमा थप छानविनका लागि जनप्रतिनिधि र कर्मचारीको ५ सदस्यीय छाँनवीन समिति गठन गरि थप छाँनविन गर्ने व्यहोरा जानकारी गराउने ।

**दफा ५३ भुक्तानी भए नभएको एकिन नभएको सम्वन्धमाः** कुनै गोश्वारा भौचरवाट कुन कार्यको लागि कस्लाई भुक्तानी भएको हो, नखुलाई एकिन नभएको भनी वेरुजु औंल्याइएकोमा खरिदको वील भरपाई वेगर खर्च नलेखिएको र कुनै ठुलो भुक्तानीमा एकाउण्ट पेयी चेक वाहेकको भुक्तानी भएकोमा वैक ट्रान्स्फरको प्रमाण समावेश गरिएको । भुक्तानी भएको नै हुँदा यस्ता विषयमा सेवा प्रदायकलाई हुने भुक्तानीमा प्रक्रियागत सुधार गरिने गरिने /गरिसकिएको हुँदा गौश्वारा भौचर र खर्चको विवरण नै उल्लेख नगरी वेरुजु कायम गरिएको रु २५८१९१५।०० लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

**दफा ५५ समानीकरण पुँजीगतबाट शिक्षकको तलब भत्ता –** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएकोमा पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई आन्तरिक श्रोत अति कमजोर भएको पालिका भएको तथापी शिक्षक आवश्यकता नै भै राखिएको र वित्तीय समानीकरण अनुदानबाट रु. ८५००००।०० तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रकम नियमित गर्नका लागि नियमानुसार हुन ।



प्रमुख प्रशासकीय अधिकृत २०७७।१२।२०

अध्यक्ष ०७७।१२।२०

दफा ५६ लागत सहभागीता सम्बन्धमाः पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने व्यवस्था भएअनसार नै हुने गरि आगामी दिनमा पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरि अधिकतम नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिन आवश्यक व्यवस्था गरिने।

दफा ५७ निर्माण व्यवसायीवाट काम गराएको सम्बन्धमाः उपभोक्ता समितिले बोलपत्र आह्वान गरी निर्माण व्यवसायी मार्फत कार्य गराएको नभई सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (९) अनुसार हेभी मेसिन प्रयोग गर्ने गरि लागत अनुमान तयार गरेको र निर्माण व्यवसायीको मेसिन भाडामा मात्र लिएर कार्य गराएको हुँदा बेरुजु कायम भएको रु २०,९१,९२०।०० लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने।

दफा ५८ उपभोक्ता समितिलाइ भ्याट बिल बेगर भ्याट रकम भुक्तानी सम्बन्धमा - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यंक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता संस्थाहरु गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानूनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन नमिल्नेमा उ.स. मार्फत संचालित विशेष लक्षित जनता आवास कार्यक्रम/योजनाको भुक्तानी दिदा भ्याटको रकम भुक्तानी गरे पनि भ्याट बिल भने संलग्न नराखेकोमा भुक्तानी भएको भ्याट रकम असुल गरी संघीय सञ्चित कोषमा रु. ११,४३८।०० को बैंक दाखिला भएको भौचर प्राप्त भएको हुँदा प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने र सहायक चौथो मुना राई मार्फत सामुदायिक भवन मर्मत कार्य गरेको रु. १२,५७८।- असुल नभएकोले नियमानुसार असुल हुन लेखिपठाउने निर्णय गरियो ।

दफा ५९ औषधि खरिदसम्बन्धमाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाख भन्दा माथि रु. २० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१ख) मा एक आर्थिक वर्षमा सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट पटक पटक सोझै खरिद गर्न नपाउने व्यवस्था रहेकोमा पालिकाले उक्त प्रक्रियाबेगर पटक पटक औषधि सोझै खरिद गरेकोको सम्बन्धमा प्रचलित नियमानुसार माग,खरिद, दाखिला, हस्तान्तरण लगाएत विवरण खुलिने गरि अभिलेख राख्न र राखिने व्यवस्था गरि सामाग्रीको खर्च हुन नियमानुसार हुन ।

दफा ६० प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोमा लक्षित वर्गलाई ३६३१ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च रु. २६७८०६० लेखेका खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दिगोपना तथा दीर्घकालिन रोजगारी सृजना हुने गरि काम हुने विषयमा कार्यापालिकाको ध्यानार्षण भएको र त्यसतर्फ आवश्यक ध्यान दिइने ।

दफा ६१ डीपीआर खर्च सम्बन्धमाः डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु र अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएता पनि कतिपय समपुरक अनुदान अन्य साझेदार निकायवाट योजना माग गर्दा डिपिआर प्रतिवेदन सहित माग गर्ने भएको हुँदा केहि अति आवश्यकिय र पालिकाको विकासका लागि संभावना युक्त तुलनात्मक लाभ हुने योजनाका लागि डिपिआर तयार भएको हुँदा खर्चको सार्थकता तत्काल नदेखिएता पनि आगामी दिनमा देखिने गरि कार्य भएको र हुने विषयमा विश्वास दिलाउने ।

२०७७।१२।२० ............ प्रमुख प्रशासकीय अधिकृत

०७७।१२।२० ............ अध्यक्ष

**दफा ६२ सार्वजनिक परीक्षण सम्वन्धमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तरगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिम नै भएको र यसवाट सार्वजनिक आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्य भएको सबै भौतिक निर्माण तर्फका योजनाको सार्वजनिक परीक्षण गराएको र वडागत १० र पालिकास्तरी १ गरी ११ वटा सार्वजनिक सुनुवाइ गरिएको हुदा कायम वेरुजू तथा यो दफा प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

दफा ६३ सामाजिक सुरक्षा कार्यक्रम सम्वन्धमाः सबै लाभग्राहीको खाता वंकमा खोलिएको र वैकिङ प्रणाली मार्फत वितरण गरिएको । वडागत रुपमा लाभग्राहीको नाम दर्ता र नवीकरण लगतकट्टासँग सम्वन्धित अभिलेख राखिएको हुँदा यो दफा प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

दफा ६४ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः यस दफामा उल्लेखित ३ परियोजनाका लागि प्रास वजेट रु १,२०,००,०००।० मध्ये १,१२,५७,०००।०० भै १०० प्रतिशत वित्तिय र भौतिक प्रगति भएको देखिन्छ ।

दफा ६५, ६६, ६७ पेश्की सम्वन्धमाः एखुवा खोला जलविद्युत आयोजना निर्माणको काम सम्पन्न भएको पेश्की स्वरुप लगेको ९८१२६८७ रकमको काम पुर्णरुपमा सम्पन्न भैसकेको र अन्तिम कार्यसम्पन्न प्रतिवेदन पेश गरि पेश्की फछ्यौंटका लागि सम्वन्धित हाउजिङ एण्ड हाइड्रो सर्भिसेजलाई पत्र लेखि पठाइएकोमा हाल सम्म फछ्यौंटका लागि नआएको हुँदा नियमानुसार हुन लेखि पठाउने ।

**दफा ६८ आयकर सम्वन्धमाः** खेलमैदान निर्माण गर्दा मेसिन प्रयोग गर्दाको भाडा कर वापत आयकर ऐन २०५८ को दफा ८८(१) को देहायको (८) अनुसार भुक्तानी १०,९४,९४०।०० भाडा कर कट्टी गर्नुपर्नेमा हामीले १० प्रतिशतले हुने भाडा कर रु १९४९४०।०० कट्टा गरेर भुक्तानी दिएको हो । वेरुजुमा लेखिए अनुसार दफा ८८ मा भाडा कर १५ प्रतिशत कट्टा गर्नुपर्ने कुनै व्यवस्था नभएकोले कुन कानुन अनुसार १५ प्रतिशत कर कट्टा गर्नुपर्ने हो स्पष्ट छैन । अतः कानुनमा व्यवस्था भए विपरीत वेरुजु कायम भएको रु ५४,७४७।०० लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने।

दफा ६९ जिन्सि व्यवस्थापन सम्वन्धमाः कार्यालयले पेश गरेको खर्च भएर नजाने जिन्सी खाता पाना नं २२ मा विभिन्न समय पालिका स्थापना भए लगतैवाट खरिद गरि आम्दानी बाँदिएको ३४ थान ल्यापटप मध्ये १६ थान विभिन्न कर्मचारी/जनप्रतिनिधिज्यूको नाममा सहायक खातामा जनाइ जिम्मामा रहेको र १८ थान जिन्सि शाखामा भण्डारणमा मौज्याद नरहेको भनि लेखा परिक्षणवाट औंल्याइएकोमा जिन्सि शाखा प्रमुखलाई एकिन गर्न भनि तोकिएकोमा १० थान पालिका स्थापनाको प्रारम्भमा नै वडा कार्यालयमा दिइएकोमा विजुलीवत्ती मर्मतको अभाव लगाएतवाट विग्रि थन्किएको १० वडा १० ल्यापटप र अन्य ८ ल्यापट गाउँपालिकाका स्वास्थ्य कृषि प्राविधिक शाखामा चलाइ विग्रि मर्मतका लागि लगिएको कतिपय वनि प्रयोगमा आउन नसक्ने अवस्थामा रहेको भनि पत्र प्राप्त भएको र सोही व्यहोरा एकिन भएको हुँदा यस दफा प्रारम्भिक लेखा प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

दफा ७० कोरोना कोषसम्वन्धमा —कोरोना रोकथाम तथा उपचारमा खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ पालना गरी खर्च गर्नेतर्फ पालिका सम्बद्ध सबै पक्षको ध्यान गएको र थप प्रभावकारी र नियमसंगतवाट ढंगवाट खर्च हुनेगरि व्यवस्था गरिने ।

दफा ७१ पेश्की बाँकी सम्वन्धमाः पेश्की फछ्यौंट गर्नुपर्ने चालक श्री गंगा वहादुर कार्कीले कोभिड संक्रमणको अवस्थामा जिल्ला प्रशासन कार्यालयको निर्देशनानुसार पालिकाको एम्वुलेन्स कोभिड १९ को उच्च विन्दुको संक्रमणको अवस्थामा पार्टेशन गरिएकोमा सोको विल भरपाइ पेश गरेको हुँदा निज गंगा वहादुर कार्कीको नाममा कायम पेश्की फछ्यौंट वेरुजू र सरस्वती मा.वि. ले फछ्यौंटको आवशयक प्रमाण पेश गरेको हुँदा प्रारम्भिक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने । र अन्यको हकमा चण्डेश्वर मा वि ५०,०००।०० , शिक्षा क्षमाकन्या ५०,०००।०० पुस्तकालय



प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

व्यवस्थापनका लागि र विमन राईवाट रु १,००,०००।०० सोलार खरिद तथा जडानका लागि वुझेको पेश्की फछ्र्यौट हाल सम्म नभएको हुँदा नियमानुसार हुन लेखि पठाउने।

दफा ७२ पेश्की फछ्र्यौट गर्नुपर्ने सम्वन्धमा: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ अनुसार पेश्की रकमको फछ्र्यौट गर्दा सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिलवाट कट्टा गर्ने, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था अनुसार हात्तिपाइले खानेपानी आयोजनाको लागि स्वामिनारायण निर्माण सेवा प्रा.लि.लाई मोविलाइजेशन वापत दिइएको पेश्की रकम रु १३,८२,४७९।०० नियमानुसार फछ्र्यौट गराउनेमा तर्फ पालिकाको ध्यान गएको तथा यस सम्वन्धमा नियमानुसार हुन लेखि पठाउने ।

दफा ७३ कन्टिन्जेन्सी खर्च सम्वन्धमा– सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टिन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजीगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सी खर्चको लगत राखी नगरी नहुने खर्चमा मात्र कन्टिन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्थालाई आगामी दिनमा कार्यान्वयन गरिने हुँदा प्रारम्भिक प्रतिवेदनवाट हटाउन अनुरोध गर्ने ।

दफा ७४ अनुगमन सम्वन्धमा: प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर विजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्षवाट नै सुधार भैरहेको र बेरुजु व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादनको व्यवस्था गरिने।

**दफा ७५/७६ सम्परिक्षणवाट कायम वेरुजु सम्वन्धमा:** क्षमाकन्या मावि ले खरिद गरेका खप्ने, खर्च भएर नजाने जिन्सी सामानहरु जिन्सी खातामा दाखिला गरेको प्रमाण पेशका लागि पत्र प्रेषित गरेकोमा हाल सम्म कुनै प्रमाण पेश नगरेकोले सोको आधारमा वेरुजु कायम भएको रु १७,५०,०००।०० को सम्वन्धमा नियमानुसार हुन लेखि पठाउने ।

२०७७।१२।२०

गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यबिधि) नियमावली, २०७४ को नियम ५ उपनियम १ बमोजिम प्रमाणीकरण गरिएको ।

२०७७।१२।२०

प्रमुख प्रशासकीय अधिकृत

०७७।१२।२०

अध्यक्ष